कृषि विकास बैंक लिमिटेड
Agricultural Development Bank Ltd.
( नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था )

जनशक्ति व्यवस्थापन बिभाग, मुख्य कार्यालय, काठमाडौं

## कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि दरखास्त फाराम भर्ने सम्वन्धी सूचना

**(सूचना प्रकाशन मिति २०८२/११/०१)**

यस बैंकको आ.व. २०८२/८३ को वार्षिक रणनीति तथा बजेटमा स्वीकृत स्थायी कर्मचारी दरवन्दीमा रिक्त रहेका तपसिलका पदनाम, स्तर, तह र सेवामा कार्यक्षमताको मूल्याङ्कनद्वारा पदपूर्ति गर्न लोक सेवा आयोगबाट मिति २०८२/१०/२९ मा सहमति प्राप्त भए अनुसार २०८२ आषाढ मसान्तसम्ममा कृषि विकास बैंक लि. कर्मचारी सेवा विनियमावली, २०६२ बमोजिम सम्भाव्य भएका उम्मेदवारले बढुवा प्रक्रियामा सहभागी हुनका लागि यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र बैंकको मानव संसाधन सूचना प्रणाली (**HRIS**) मा उम्मेदवार कर्मचारी स्वयमको **User ID/Password** प्रयोग गरी **Online System** बाट बढुवा प्रक्रियामा सहभागी हुन रितपूर्वक दरखास्त पेश गर्न आव्हान गरिएको छ । दरखास्त फाराम भर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदाको भोलीपल्ट कार्यालय खुलेको दिन दरखास्त फाराम भर्न सकिनेछ । आवेदकले दरखास्त फाराम भर्दा आवेदन दस्तुर वापत अधिकृतस्तर पदको लागि रु. १,०००।- (अक्षरेपि एक हजार मात्र) र सहायकस्तर पदको लागि रु. ६००।- (अक्षरेपि छ सय मात्र) **ADBL Mobile Banking** बाट अनलाइन मार्फत भुक्तानी गर्नु पर्नेछ । दरखास्त फाराम भर्ने सम्वन्धमा कुनै द्विविधा भएमा बैंकको जनशक्ति व्यवस्थापन विभागमा सम्पर्क गर्न सकिने छ । तोकिएको अवधिभित्र आवेदन पेश नगरेका वा रितपूर्वक दरखास्त फाराम नभरेका र परीक्षा दस्तुर नबुझाएका सम्भावित उम्मेदवारहरू बढुवा प्रक्रियामा सहभागी हुन नपाउने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपसिल**

| सि.नं. | विज्ञापन नम्वर | पदनाम | स्तर | तह | सेवा | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | १/२०८२-८३ | विभागीय प्रमुख | अधिकृतस्तर | १० (दश) | प्रशासन | १ |
| २ | २/२०८२-८३ | वरिष्ठ शाखा प्रमुख | अधिकृतस्तर | ९ (नौ) | प्रशासन | ३ |
| ३ | ३/२०८२-८३ | शाखा प्रमुख | अधिकृतस्तर | ८ (आठ) | प्रशासन | ४ |
| ४ | ४/२०८२-८३ | वरिष्ठ शाखा अधिकृत | अधिकृतस्तर | ७ (सात) | प्रशासन | ६ |
| ५ | ५/२०८२-८३ | शाखा अधिकृत | अधिकृतस्तर | ६ (छ) | प्रशासन | १५ |
| ६ | ६/२०८२-८३ | कार्यालय सहायक | सहायकस्तर | ५ (पाँच) | प्रशासन | १७ |
| | जम्मा | | | | | ४६ |

२०८२।११।०१

सदस्य सचिव
पदपूर्ति समिति
कृषि विकास बैंक लि.